“ कृषि,शिक्षा,स्वास्थ्य,पर्यटन र सञ्चार समुन्नत तिलागुफाको लागि सबल स्थानीय सरकार ”

# तिलागुफा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

मान्मे, कालीकोट

कर्णाली प्रदेश,नेपाल

पत्र संख्या : २०७९।०८०
चलानी नं. : ३१

मिति : २०७९।०४।०५

### विषय : सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण सम्वन्धी सूचना ।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि ,२०७७ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले चालु आ.व. २०७९।०८० मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न तोकिएको ढाँचामा सम्वन्धित वडा कार्यालयमा नवीकरणको लागि निवेदन दिनुपर्ने व्यवस्था बमोजिम लाभग्राहीहरु स्वंयम वडामा उपस्थित भई भदौ मसान्त भित्र अनिवार्य सामाजिक सुरक्षा भत्ताको नवीकरण गरिसक्न यो सूचना जारी गरिएको छ । बालबालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजको आमा ,बुवा,संरक्षक वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछन । साथै नेपाल सरकारको आ.व.२०७९।०८० को बजेट वक्तव्यमा उल्लेख भए बमोजिम ६८ वर्ष उमेर पुरा भएका व्यक्तिहरुले समेत सक्कलै नागरिकताको प्रमाणपत्रका साथ सम्वन्धित वडामा उपस्थित भई जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताका लागि निवेदन दिन सकिने व्यहोरा जानकारी गराईन्छ ।

**सामाजिक सुरक्षा भत्ता नवीकरण गर्न आवश्यक कागजातहरु**

१ नागरिकता प्रमाणपत्रको प्रतिलिपि ,
२ हालसालै खिचेको पासपोर्ट साइजको फोटो १ प्रति ,
३ बालबालिकाको हकमा जन्मदर्ताको प्रतिलिपि साथै संरक्षकको नागरिकताको प्रतिलिपि ,
४ विधवा महिलाको हकमा पतिको मृत्यु दर्ताको प्रमाणपत्र प्रतिलिपि र अर्को विवाह नगरेको वडाको सिफारिस ,
५ सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेको महिलाको हकमा वडाको सिफारिस पत्र ,
६ न्यायिक पृथकिकरण गरी बसेका महिलाको हकमा अदालतवाट न्यायिक पृथकिकरणको प्रमाणपत्र प्रतिलिपि ,
७ हालसम्म विवाह नगरेका ६० वर्ष उमेर पुगेको एकल महिलाको हकमा वडाको सिफारिस ,
८ अपाङ्ग भएको व्यक्तिको हकमा नगरपालिकावाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि ,

**पुनश्च्व**

- नवीकरण गर्न आउँदा सामाजिक सुरक्षा भत्ता परिचयपत्र अनिवार्य रुपमा लिएर वडा कार्यालयमा आउनुपर्ने छ ।
- समयमै नवीकरणका लागि पेश नगर्ने लाभग्राहीको स्वत: लगत कट्टा भई लाभग्राहीले भत्ता रकम प्राप्त गर्न बाट बञ्चित हुन पुगेमा स्वंयम लाभग्राही जवाफदेही हुनुपर्ने छ ।

थप जानकारीका लागि सम्पर्क ९८६८१४५३९५,(सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा)

**बोधार्थ :**
वडा कार्यालय सबै -यसै सूचना बमोजिम गर्नु गराउनु हुन
सूचना प्रविधि शाखा - Website र Facebook मा अपलोड गरिदिनहुन

मनराज शाही
नि.प्रमुख प्रशासकिय अधिकृत



CamScanner